म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १३ आइतबार २७ साउन २०८१ ने. सं. ११४४ गुँलाथ्व 11 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## गाईजात्रा विशेष कार्यक्रम गर्दै सिस्नुपानी मकवानपुर

हेटौंडा, २६ साउन/सिस्नुपानी नेपाल मकवानपुरले गाईजात्रा विशेष कार्यक्रमको आयोजना गर्ने भएको छ । सिस्नुपानी मकवानपुरले हेटौंडा उपमहानगरपालिका-४ नम्वर वडाको विशेष प्रवर्द्धनमा 'हास्य व्यंग्यात्मक गाईजात्रा-२०८१' कार्यक्रम गर्न लागेको हो । शनिबार हेटौंडामा पत्रकार सम्मेलनमार्फत् सिस्नुपानी नेपाल मकवानपुरका उपाध्यक्ष मीनप्रसाद लामिछानेले आगामी भदौं ३ गते उक्त कार्यक्रम गर्न लागेको जानकारी दिए । ओम्याक्स सिनेमा हलमा आयोजना हुने कार्यक्रममा समसमायिक राजनीति र सामाजिक क्षेत्रका विकारका विरुद्धमा मनोरञ्जनात्मक क्यारिकेचर गरिने उपाध्यक्ष लामिछानेले बताए । पत्रकार सम्मेलनमा सिस्नसपानी नेपाल मकवानपुरका अध्यक्ष राजकुमार लामिछाने, हेटौंडा-४का वडाध्यक्ष नवीन सिग्देल, साहित्य संगम मकवानपुरका सल्लाहकार, साहित्य संगम मकवानपुरका अध्यक्ष डिबि बर्तौला, साहित्य संगम मकवानपुरका सल्लाहकार सुवास खनालगायतको सहभागिता रहेको थियो ।

# मुख्यमन्त्री लामाले औंल्याए पर्यटन क्षेत्रमा भइरहेको फजुल खर्च

साझाकुरा संवाददाता

हेटौंडा, २६ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले पर्यटन क्षेत्रको नाममा फजुल खर्च भइरहेको औंल्याएका छन् । बागमती प्रदेशमा २०७४ देखि पर्यटन क्षेत्रमा व्यापक लगानी भइरहेको छ ।

उनले पयर्टन क्षेत्रको नाममा फजुल खर्च गरेर विगतका प्रदेश सरकारले गल्ती गरेको पनि घुमाउरोसँग भने । काठमाडौंमा शनिबार आयोजित कार्यक्रममा मुख्यमन्त्री लामाले बागमती प्रदेश सरकारले पर्यटन क्षेत्रमा लगानी गर्ने नाममा फजुल खर्च गरेको पाइएको उल्लेख गर्दै अब भने त्यस्तो गल्ती नगर्ने बताएका हुन् । पर्यटकलाई आकर्षित गर्ने गन्तव्य स्थलहरुको निर्माण गर्न प्रदेश सरकारले विशेष ध्यान दिने उनको भनाइ थियो ।

२०७४ पछि बनेको बागमती सरकारले भ्यूटावरको नाममा ३० करोड भन्दा बढी लगानी गरेको थियो । लगानीअनुसारको प्रतिफल भ्यूटावरले दिन सकेको थिएन् । सञ्चालन कार्यविधि नै नबनाई भ्यूटावर निर्माण गरिएको थियो । उक्त कार्यविधिअनुसार भ्यू टावर अझै सञ्चालनमा आउन सकेको छैन् । निर्माण भइसकेका भ्यूटावर पनि अलपत्र भएर बसेका छन् । मकवानपुर, दोलखा, सिन्धुपाल्चोक,



धादिङ, सिन्धुलीलगायतका जिल्लामा भ्यूटावर निर्माण भएका थिए ।

मुख्यमन्त्री लामाले पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि प्रदेश सरकार प्रभावकारी ढंगले लागिपर्ने बताए । 'पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न बागमती प्रदेश सरकार तयार छ । बागगमती प्रदेशले पर्यटन प्रवर्द्धनका लागि यस अघि जुन लगानी गरेको छ त्यो फजुलमा गरेको हामीले देख्यौं । मन्दिर, गुम्बा छरिएर बनाएको छ । सबै ठाउँमा छरेर बनाएर पर्यटक आउँदैनन् । अर्को डाँडामा टावर बनाएको छ,' मुख्यमन्त्री लामाले भने ।

'टावर कहाँ बनाउने, मन्दिरहरु कहाँ-कहाँ बनाउने भन्नेकुरा फरक छ । हाम्रो समाजलाई पनि सुद्धिकरण गरेर पर्यटकलाई आकर्षित गर्ने कम्तिमा पनि २/३ दिन घुम्ने ठाउँ चाहियो ।,' लामाले थपे । नेपालमा धार्मिक पर्यटकलाई पनि आकर्सित गर्न सक्नुपर्ने मुख्यमन्त्री लामाले बताए । 'पशुपतीमा धार्मिक पर्यटकको दृष्टिले आउँछन्, हरेक क्षेत्रको पर्यटकलाई आकर्षण दिने काम गर्नुपर्दछ । त्यसो गर्न सकियो भने हामी सफल हुनसक्छौं । हामी व्यवसायीको पक्षमा छौं । व्यवसायीको समस्या हामीलाई थाहा छ,' उनले भने । मुख्यमन्त्री लामाले पर्यटकहरुलाई आकर्षित गर्न समाजलाई समेत सचेत गराउन आवश्यक रहेको औंल्याए ।

यसैगरी, मुख्यमन्त्री लामाले चितवनमा भएको एक कार्यक्रमलाई सम्बोधन गर्दै आदिवासी जनजाति समुदायको भाषा संरक्षण वर्तमान समयको आवश्यकता भएको बताएका छन् । ३० औं विश्व आदिवासी दिवसका अवसरमा नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद् चितवनले शनिवार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले भाषा साहित्यमा धनी समुदाय भएर पनि यसको संरक्षण हुन नसक्दा भाषा लोप हुने अवस्थामा आइपुगेको बताए ।

एउटा समुदायको भाषा अर्को समुदायले प्रस्ट नबुझ्दा कतिपय नामथर र स्थानको नाम बिग्रिएको बताउँदै उनले त्यसका लागि आदिवासी जनजातिका भाषा गैर आदिवासी जनजातिलाई पनि बुझाउन आवश्यक रहेको बताए । नारायणी कला मन्दिरमा भएको कार्यक्रममा चितवनका विभिन्न जातजातिले आ-आफ्ना सांस्कृतिक प्रस्तुति दिएका थिए । महासंघका अध्यक्ष महेन्द्र दुराका अनुसार विसं २०५५ मा स्थापना भएको महासंघमा हाल १७ जाति सांगठनिक रुपमा आबद्ध भएका छन् ।

# सरकारले देशलाई विकास र सुशासनको दिशामा लैजान्छः सांसद बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, २६ साउन/ मकवानपुरका प्रतिनिधिसभा सदस्य तथा सत्तारुढ दल नेकपा एमालेका मुख्य सचतेक महेश बर्तौलाले वर्तमान सरकारले राष्ट्रलाई विकास र सुशासनको दिशामा लैजाने बताएका छन् ।

बर्तौलाले सामाजिक न्याय र समृद्धिको पथमा मुलुकलाई अघि बढाउनकै लागि वर्तमान सरकार बनेको बताए । अन्र्तराष्ट्रिय युवा दिवसको अवसरमा स्वतन्त्र विद्यार्थी युनियन हेटौंडा क्याम्पसको आयोजनामा भएको युवा र विद्यार्थी कार्यशाला कार्यक्रममा बोल्दै उनले सरकारले युवाहरुलाई स्वदेशमै रहेर काम गर्ने वातावरण सिर्जना गर्ने दाबी गरे । नेपाली युवाहरुको विदेश पलायनलाई रोक्ने र विदेशमा भएकाहरु पनि स्वदेशमै आउने परिस्थिति सिर्जना गर्ने संकल्प ओली नेतृत्वको सरकारले लिएको उनको भनाई छ ।

बर्तौलाले युवाहरुको लागि सरकारले वित्तीय साक्षरता मात्र नभई वित्तीय पहुँचको सुनिश्चित्ता गर्ने नीति अख्तियार गर्ने समेत बताए । मुलुकको रुपान्तरण गर्न युवाले पनि भुमिका खेल्नुपर्ने उनको भनाई छ । अहिलेको पुस्ता अधिकार प्राप्तिको लागि लड्न नपर्नेबताउँदै उनले विगतमा अग्रजहरुको योगदानबाट प्राप्त उपलब्धिहरुलाई रक्षा गर्दै मुलुक निर्माणको जिम्मेवारी युवा पुस्ताले लिनुपर्ने उल्लेख गरे ।

राष्ट्र र समाजको विकासको लागि युवाहरुले ब्यक्तिवादी चिन्तन त्यागनुपर्ने उनको भनाई छ । स्वतन्त्र विद्यार्थी युनियन हेटौंडा क्याम्पसका सभापति अभि मैनालीको सभाध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमाले मकवानपुरका अध्यक्ष श्रीधर पोखरेल, हेटौंडा क्याम्पसका प्रमुख देवीराम लामा, जिल्ला युवा समिति मकवानपुरका अध्यक्ष शिवहरि दाहाल लगायतको आतिथ्यता रहेको थियो ।




# प्रदेशलाई अधिकार नदिए संघीयता माथि प्रश्न उठ्छ : मन्त्री काफ्ले

साझाकुरा संवाददाता

हेटौंडा, २६ साउन/ बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले प्रदेशलाई अधिकार नदिए संघीयता माथि नै प्रश्न उठ्ने बताएका छन् ।

भक्तपुरमा नेताकार्यकर्ता सँगको भेटघाटमा उनले अर्थमन्त्री काफ्लेले प्रदेशलाई संविधान बमोजिम अधिकार दिनु पर्ने बताएका हुन् । उनले भने, 'प्रदेश सरकारले अहिलेसम्रुम अधिकार पाएको छैन । यस्तै अवस्था रहिरहे संविधानमा लेखिएको व्यवस्था र संघीयतामाथि नै प्रश्न उठ्छ ।,' प्रदेश सरकारलाई अधिकार सम्पन्रुन नबनाएसम्म प्रदेश सरकारको अर्थ नहुने भन्दै उनले इमान्दारपूर्वक कार्यान्वन गर्न आवश्यक रहेको बताए ।

उनले प्रदेशलाई पूर्ण अधिकार दिलाउन दुई ठूला दल



मिल्दाको खबत ठूलो खवसर आएको बताए ।

'आज कांग्रेस र एमाले दल मिलेर सरकार बन्यो भन्रुनु अर्थ प्रदेशमा सरकार अधिकार सम्पन्रुन भयो भन्रुने पुष्टि गर्नु आवश्यक छ।,' उनले भने । हाल प्रदेशमा पूर्ण अधिकार नहुँदा नागरिकलाई सर्भिस डेलिभरी दिन निक्कै कठिन भएको समेत मन्त्री काफ्लेले गुनासो गरे ।

# मोटरसाइक्ल चोरीमा मकवानपुरका एकसहित तीनजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २६ साउन/ मोटरसाइकल चोरीमा संलग्न तीनजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा झापा कमल गाउँपालिका घर भई हाल काठमाडौं सीतापाइला बस्ने ३० वर्षीय युवराज राई, सोही ठाउँ बस्ने २१ वर्षीय नवीन भट्टराई र मकवानपुरको बागमती गाउँपालिका-३ का २१ वर्षीय प्रेमबहादुर पाखिन रहेका छन् ।

ललितपुरको बालकुमारी र भक्तपुरको कौशलटारबाट मोटर साइकल चोरीमा संलग्न उनीहरूलाई पक्राउ गरी सार्वजनिक काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

## ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

५०%
बैंकिङ सुविधा

सम्पर्कः
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत



- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरूः**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# व्यक्तिगत घटना दर्ता समयमै गरौं

मानिसको व्यक्तिगत जीवनमा हुने सबैखाले घटनालाई व्यक्तिगत घटना भनिन्छ । मानिस जन्मनु, मृत्यु हुनु, विवाह हुनु, सम्बन्ध विच्छेद हुनु, बसाईसराई हुनु मानिसको जीवनमा हुने घटनाहरु हुन् । यी सबै पाँच घटनालाई स्थानीय पञ्जीकरण अधिकारीसमक्ष घटना भएको ३५ दिनभित्र दर्ता गरिसक्नु पर्छ, नत्र जरिवाना लाग्छ । यी पाँच घटनामध्ये जन्म र मृत्यु सबैको जीवनमा हुन्छ । त्यो अनिवार्य दर्ता गराउनुपर्छ । तर, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई भने हुनपनि सक्छ नहुन पनि सक्छ । यी सबै घटनालाई समयमा दर्ता नगर्दा समाजमा विभिन्नखाले विकृत घटनाहरु पनि हुने गरेका छन् ।

जन्मदर्ता समयमा नगर्दा बालबालिकाले शिक्षा, स्वास्थ्य तथा राज्यबाट प्रदान गरिने विभिन्नखाले सुविधाबाट बञ्चित हुनुपर्ने हुन्छ । जन्मदर्ता नभए नगरिकता बनाउन मिल्दैन । नागरिकता नभए व्यक्तिको वास्तविक परिचय नै खुल्दैन । परिचय नखुल्दा न रोजगार गर्न पाइन्छ न व्यवसाय सञ्चालन । व्यक्तिको परिचय खुलाउने नागरिकता नभएका कारण समाजमा धेरैले असहज जीवन बिताइरहेका छन् । तर, यति हुँदाहुँदै पनि मानिसहरु व्यक्तिगत घटना दर्ता समयमा गर्दैनन् भन्ने गुनासो स्थानीय पञ्जिकरण अधिकारीहरुले बताएका छन् । घटना दर्ताका सन्दर्भमा राज्यको तर्फबाट सञ्चारमाध्यममा त्यत्तिकै सूचित गरिएको पाइन्छ । समयमा व्यक्तिगत घटना दर्ता गराउन बाध्य पार्न जरिवानाको समेत व्यवस्था गरेको पाइएको छ । तर, नागरिकको अकर्मण्यता कायम रहेको पाइन्छ ।

व्यक्तिगत घटना दर्ता राष्ट्रिय तथ्याङ्कसंग सम्बन्धित हुने हुँदा राज्यको हरेक नीति निर्माण, बजेट विनियोजन र सामाजिक सुरक्षा कार्यक्रमसमेतमा गम्भीर असर गर्ने हुँदा यसलाई सबैले महत्व दिनु आवश्यक छ । पछिल्लो समय घटना दर्ता कार्यक्रममा धेरै स्थानीयतहले अनलाईन प्रणालीमा समाविष्ट गरिसकेका छन् । त्यसैले कुनैपनि घटना अनिवार्य तर, एकपटक मात्र गर्नुपर्छ । त्यसबाट राज्यले उचित समयमा उचित योजना बनाउन सजिलो र प्रभावकारी हुन्छ । तथ्याङ्क बिना कुनैपनि योजना प्रभावकारी ढंगबाट सञ्चालन नहुने भएका कारण पनि व्यक्तिगत घटना दर्ता अत्यन्तै महत्वपूर्ण विषय भएको हो । यसलाई सबैले समयमै गरेर राज्यलाई सहयोग गर्नु र आफूले सुख पाउनुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन २८ गते सोमबार १२ अगष्ट २०२४ । अष्टमी, श्रावण शुक्लपक्ष । गुँलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३३, सूर्यास्त ६:४२ । अन्तर्राष्ट्रिय युवा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | **तुला** | : रोकिएका काम सम्पादन हुनेछन् |
| **वृष** | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | **वृश्चिक** | : पठन-पाठनमा प्रगति हुनेछ |
| **मिथुन** | : शुभ समाचार मिल्नेछ | **धनु** | : सभा-समारोहमा अवसर मिल्नेछ |
| **कर्कट** | : व्यापार लाभप्रद रहनेछ | **मकर** | : आत्मविश्वासमा कमी आउनेछ |
| **सिंह** | : सन्तानको चिन्ता बढ्नेछ | **कुम्भ** | : व्यापारमा हानि हुन सक्नेछ |
| **कन्या** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | **मीन** | : समाजमा सराहना हुनेछ |

# बंगलादेश : सत्ता परिवर्तन र नेपाल सन्दर्भ



✍ मिलन घरेल

१७ करोड जनसंख्याको दक्षिण एशियाली मुलुक बंगलादेश एक महिनाभन्दा बढीको विद्यार्थी आन्दोलनका कारण सत्ता परिवर्तनसहित नयाँ भू-राजनीतिक मोडमा आइपुगेको छ । दक्षिण एशियामा राजनीतिक र आर्थिक दृष्टिले तीव्र प्रगती गर्दै गरेको बंगलादेशको सत्ताको निरन्तर १५ वर्षको नेतृत्वबाट तत्कालीन प्रधानमन्त्री शेख हसिनाले अन्तत: जबर्जस्त बहिर्गमन र देशै छोड्नपर्ने परिस्थिति बनेको छ ।

बंगलादेशी सेनाले गत सोमबारबाट सत्ता नियन्त्रणमा लिएपछि बंगलादेशका चर्चित नोबल पुरस्कार विजेता अर्थशास्त्री डा. मोहम्मद युनुसले तीनै बंगलादेशी सेनाको साथ र समर्थनमा ८ अगष्टबाट अन्तरिम सरकारको नेतृत्व गरेका छन् । बंगलादेशको यो राजनीतिक उथलपुथल आरक्षण कोटाका विषयमा भएको एक महिने विद्यार्थी आन्दोलनको आधारमा मात्र निश्कर्ष निकाल्ने हो भने अपुरो हुन सक्छ ।

आन्दोलनका पछिल्लो समय विकसित भएका धार्मिक अतिवाद, घृणा र राजनीतिकर्मीहरु प्रतिको आक्रमण, बंगलादेश स्वतन्त्रताको नेतृत्व गरेका बंगबन्धु शेख मुजीबुर रहमानको शालिकहरुमा भएको आक्रमण, संग्रहालयमा भएको आक्रमण लगायतका घटनाले आरक्षण कोटा विरोधी आन्दोलनको अन्य पाटाहरु पनि रहेको आंकलन गर्न सकिन्छ । यस लेखमा बंगलादेशको पछिल्लो घटनाक्रमलाई आन्तरिक राजनीतिका प्रतिस्पर्धा र भू-राजनीतिक सरोकारका दृष्टिले विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

### स्वतन्त्रता र राजनीतिक उतारचढाव

तत्कालीन बेलायती साम्राज्यवादको उपनिवेशबाट भारत स्वतन्त्रता भएसँगै भारत र पाकिस्तान दुई राज्यको विभाजन रेखा कोरिएको थियो । मुलत: मुस्लिम समुदायको छुट्टै राज्यको मागलाई सम्बोधन गर्न पाकिस्तानको निर्माण गरिएको भए पनि पूर्वी पाकिस्तान (आजको बंगलादेश) पश्चिमा पाकिस्तानभन्दा निकै टाढाको दुरीमा थियो ।

उर्दू र बंगाली भाषा तथा इस्लामिक र बंगाली पहिचान बीचको भिन्नता र तत्कालीन पूर्वी पाकिस्तानको आफ्नो बंगाली भाषा र साँस्कृतिक पहिचानको संरक्षणको आन्दोलनबाट नै धर्म निरपेक्ष, बंगलाभाषी बंगलादेशको जन्म भएको थियो । बंगलादेशका बंगबन्धु पूर्व प्रधानमन्त्री शेख हसिनाका पिता शेख मुजिबुर रहमानले बंगलादेश स्वतन्त्रता संघर्षको नेतृत्व गरेका थिए र उनलाई भारतको समेत समर्थन थियो । १९७१ मा स्वतन्त्र भएको दक्षिण एशियाली राष्ट्र बंगलादेशको सरकारको नेतृत्व शेख मुजिबुर रहमानले गरेका थिए । तर १९७५ मा शेख मुजिबुर रहमानको हत्यासँगै बंगलादेशमा सैन्य शासनको शुरुवात भयो र यस हत्याका एक आरोपी थिए वर्तमान विपक्षी दलकी नेतृ बेगम खालिदा जियाका पती जियाउर रहमान ।

जसले बंगलादेश नेशनलिस्ट पार्टीको स्थापना गरे र १९७७ मा बंगलादेशको राष्ट्रपति पनि भए । विशेष गरी इस्लामिक कट्टरपन्थी र बंगलादेशी सेनाको समर्थन र सहयोग रहेको बंगलादेश नेशनलिस्ट पार्टी र तीनका नेताहरु बंगलादेशमा हुने बेलाबखतको राजनीतिक कू र कट्टरपन्थी इस्लामिक विचार प्रवर्द्धनका लागि जिम्मेवार मानिने गर्छन् । बंगलादेशी सेनाभित्रको राजनीतिक खिचातानी, सेनाले पाएको राजनीतिक शक्ति र सत्ताको स्वादका कारण १९८१ मा जियाउर रहमानको हत्या भयो र बंगलादेशको सरकार पुन: सेनाको नियन्त्रणमा गयो । यही बिचमा विदेशमा रहेकी शेख मुजीबुर रहमानकी छोरी शेख हसिनाले बंगलादेशको अवामी लिग पार्टीको नेतृत्व गर्न आइपुगिन् ।

अवामी लिगको नेतृत्वमा वामपन्थी र उदारवादी दलहरुको संयुक्त आन्दोलनको परिणामस्वरुप १९९० मा अन्तत बंगलादेश पुन: दलीय लोकतान्त्रिक व्यवस्थाको लिकमा फर्कियो । १९९६ को निर्वाचन परिणाम शेख हसिनाको पक्षमा आयो, तर सन् २००१ को निर्वाचनमा उनले पराजय बेहोरिन् र खालिदा जिया विजयी भइन् ।

बंगलादेशको राजनीतिक प्रणालीमा यतिखेरसम्म निर्वाचनका लागि गैरदलीय कामचलाउ सरकार गठन गर्ने र त्यसले स्वच्छ र स्वतन्त्र निर्वाचन गराउँछ भन्ने मान्यतामा आधारित व्यवस्था थियो । तर २००७ मा गठन भएको अन्तरिम सरकारले सेनाको साथ र सहयोगमा आफ्नो कार्यकाल लम्ब्यायो । त्यसका विरुद्ध राजनीतिक आन्दोलनहरु भए । अन्तत: सन् २००८ को अन्तमा निर्वाचन भयो जसबाट शेख हसिना पुन: सत्तामा फर्किइन् । सन् २००९ मा बंगलादेश सरकारको नेतृत्व गरेकी शेख हसिना २०२४ को अगष्ट ५ सम्म निरन्तर शासन सत्तामा रहिन् । अन्तत: विद्यार्थीहरुले सुरु गरेको आन्दोलन उत्कर्षमा पुगेर थेग्न नसकेपछि दु:खद र आलोचित बहिर्गमन भोग्नुपर्यो ।

सम्भवत: सबैभन्दा लामो अवधी सरकार प्रमुख रहेको महिला नेतृत्व, शेख हसिना, जसको कार्यकालमा बंगलादेश उदयीमान आर्थिक र राजनीतिक शक्ति भइरहेको थियो । आखिर के कारणले १ महिनाको विद्यार्थी आन्दोलनले उनको सत्ता, प्रभाव र शक्ति डगमगायो, विश्लेषणको विषय हो ।

### आन्तरिक राजनीतिक परिवेश

शेख हसिनाको बहिर्गमनको सन्दर्भमा सबैभन्दा बढी बंगलादेशको आन्तरिक राजनीतिक प्रतिस्पर्धा, परिवेश र व्यवहारको चर्चा गरिएको छ । शेख हसिना नेतृत्वको अवामी लिगले सन् २००८ को निर्वाचनपश्चात वामपन्थी दलहरु र अन्य धर्मनिरपेक्ष लोकतान्त्रिक साना दलहरुसँगको सहकार्यलाई जोड दिएको थियो ।

विविध दृष्टिकोणका वामपन्थी दलहरुको प्रगतिशील र समानतामुखी प्रस्तावहरुले उनको कार्यकाललाई प्रभावकारी पनि बनाएको थियो । यही प्रभाव र छवीको आधारमा सन् २०११ मा शेख हसिनाले प्राय: सैन्य शासनको श्रोत बन्ने गरेको निर्वाचनका लागि 'केयर टेकर' सरकारको व्यवस्थालाई खारेज गरिदिइन् ।

यसको प्रभाव मुख्य रुपमा तीनवटा पर्न गयो । विद्यमान दलीय सरकारले नै निर्वाचन गराउने हुँदा अवामी लिग नेतृत्वले निर्वाचनलाई अत्यधिक प्रभाव पार्न सहज हुने भयो, विपक्षीहरुले यही कारण उक्त व्यवस्था खारेजीको विरोध गरेका थिए । यो शेख हसिना र उनको दलका लागि सकारात्मक पक्ष थियो ।

तर यसैकारणले विभिन्न समयमा सत्तामा सैन्य प्रभाव राख्ने बानी परिसकेको बंगलादेशी सेनालाई शेख हसिनाप्रति नकारात्मक पनि बनायो । अर्कोतर्फ सैन्यकरणको प्रभावमा मौलाउने गरेको इस्लामिक कट्टरपन्थीहरुलाई अवामी लिगप्रति पूर्ण विरोधी बनाउने काम गर्यो ।

सन् २०१४ को निर्वाचनमा शेख हसिनाले आफ्नो शासन सत्ताको प्रभाव निर्वाचनमा दुरुपयोग गरिन् । विपक्षीहरुलाई धरपकड गर्ने, उनीहरुको सभा सम्मेलन बिथोल्ने, आतंकवाद विरुद्धको अपरेसनका नाममा आफूसँग असहमत विरोधी पार्टीका मानिसहरुलाई झुटा मुद्दा लगाउने र विशेष गरी बीएनपीको आधार संगठन जमात ए इस्लाममाथि व्यापक धरपकड र सरकारी निगरानी बढाइयो । यसको परिणाम अवामी लिगले पूर्ण बहुमत प्राप्त त गर्यो, तर विगतमा आफूलाई समर्थन गरेका वामपन्थी, धर्म निरपेक्ष, लोकतान्त्रिक राजनीतिक समूहहरुलाई उनीबाट टाढा पनि धकेल्यो ।

बंगलादेशको सत्ता राजनीति खालिदा जिया र शेख हसिना दुई महिलाको वरिपरी भन्ने स्थापित भाष्य रहेको थियो । सत्ता संघर्ष मुलत: सैन्य समर्थन प्राप्त कट्टरतावादी समर्थक बंगलादेश नेसनलिस्ट पार्टीका बेगम खालिदा जिया र अवामी लिगका शेख हसिनाबीच नै हुने गरेको थियो । यसक्रममा शेख हसिनाले विपक्षी माथिको आक्रमण तीव्र बनाउने क्रममा सन् २०१८ मा खालिदा जिया माथि भ्रष्टाचारको आरोप लगाइन् र नजरबन्दमा राखिन् । यसै क्रममा सन् २०११ मा बंगलादेशको गरिबी निवारणमा बचत ऋणका अभियानको नमूना प्रस्तुत गरेका नोबल पुरस्कार विजेता मोहम्मद युनुसलाई गरिबहरुको शोषण गरेको आरोप लगाइन् र गत वर्ष उनीमाथि भ्रष्टाचार र श्रम शोषणको आरोप लगाइयो ।

यसैबीच जनवरी ७, २०२४ को बंगलादेशको आम निर्वाचन विश्वव्यापी रुपमा नै आलोचित बन्न पुग्यो । व्यापक मानवअधिकार उल्लंघन, धरपकड, विपक्षीहरु माथिको निरन्तर आक्रमण र त्रासदीबीच सम्पन्न निर्वाचनमा सरकारी आँकडाअनुसार नै केवल ४० प्रतिशत मात्र मत खस्यो । स्वतन्त्र पर्यवेक्षकहरु भने यो आँकडा २० प्रतिशतको वरिपरि मात्र हो पनि भन्ने गर्छन् ।

१६ राजनीतिक दलहरुले निर्वाचन बहिष्कार गरे भने विशेष गरी पश्चिमा मुलुकहरुले उक्त निर्वाचनको निश्पक्षतामाथि प्रश्न उठाए । यस निर्वाचनबाट ७५ प्रतिशत सिटमा विजय हासिल गर्दै शेख हसिना पुन: चौथोपटक बंगलादेशको शासन सत्तामा उक्लिइन् ।

आन्तरिक राजनीतीमा शेख हसिनाले 'केयर टेकर' सरकारको व्यवस्था हटाएर दलीय लोकतान्त्रिक व्यवस्थाको वैधतालाई स्थापित गर्ने काम गरिन् । धार्मिक कट्टरतावादी र सैन्य समर्थक राजनीतिक शक्तिविरुद्ध आफ्नो शासकीय प्रभाव बलियो बनाइन् । शुरुशुरुमा बामपन्थी र लोकतान्त्रिक अन्य साना राजनीतिक दलहरुसँगको सहकार्यले उनको समर्थन र राजनीतिक प्रभाव बलियो बनायो ।

तर जब सर्वसत्तावादी सोंचका साथ अन्य राजनीतिक दल, समूह र विचारप्रति निषेधको राजनीति अवलम्बन गरिन् शेख हसिनाविरुद्धको आक्रोश र विरोध भित्रभित्रै भुसको आगोको रुपमा सल्किरहेको थियो । उनको सन्तुलित विदेश नीति, आर्थिक कूटनीति, बंगलादेशले गरेको आर्थिक प्रगती र भौतिक विकासको प्रगतीका बाबजुद पनि उनलाई समर्थन, सहयोग र उचित सल्लाह दिने राजनीतिक समूहहरु निकै टाढा पुगेका कारण आज शेख हसिना एक्लो परिन् ।

### आरक्षण कोटाको राजनीति र बहस

१ जुलाई २०२४ मा शुरु भएको बंगलादेशको विद्यार्थी आन्दोलन मुलत: सरकारी जागिरमा रहेको आरक्षण कोटा खारेजीको मागमा केन्द्रित थियो । यो आन्दोलन पहिलोपटक भएको होइन । सन् २०१८ मा पनि यस आरक्षण कोटाको खारेजीको माग सहित आन्दोलन भएको थियो र यिनै प्रधानमन्त्री शेख हसिनाले उक्त मागको सुनुवाइ गरेकी थिइन् ।

१९७१ मा बंगलादेश स्वतन्त्रताका निम्ति लडेका स्वतन्त्रता सेनानीका सन्तानहरुका लागि उनीहरुको योगदानको कदर गर्दै सरकारी जागिरहरुमा ३० प्रतिशत आरक्षण कोटा दिने व्यवस्था सन् १९७२ देखि नै बंगलादेशमा लागु भएको हो । स्वतन्त्रताको खुशीयालीमा र बंगलादेशका मुक्ती सेनाहरुप्रतिको आम जनसम्मानका कारण उक्त समयमा सो कोटालाई सबैले स्विकार गरेका थिए ।

पछिल्लो समय बंगलादेशको कानुनी व्यवस्थाले विभिन्न नाममा सरकारी जागिरमा ५६ प्रतिशत आरक्षण कोटा पुर्यायो । क्षमता र योग्यताको आधारमा प्रतिस्पर्धा गर्ने अवसरलाई ४४ प्रतिशतमा खुम्च्याउन पुग्यो । यसरी प्रदान गरिने आरक्षणमा ३० प्रतिशत स्वतन्त्रता सेनानीका सन्तानलाई, १० प्रतिशत महिला, १० प्रतिशत जनसांख्यिक अनुपातका आधारमा सम्बन्धित जिल्ला, ५ प्रतिशत अल्पसंख्यक जनजाती र १ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरुका लागि रहेको थियो ।

एक तिहाइ युवा सहितको १७ करोड जनसंख्याको बंगलादेशमा रोजगारीका अवसरहरु सीमित थिए । त्यसमा पनि आरक्षण प्रणालीका कारण मध्यमवर्गीय योग्यता र क्षमता भएका नवप्रवेशीहरु अवसरबाट बन्चित हुने भए । अर्कोतर्फ स्वतन्त्रता सेनानीकै सन्तानहरुमा पनि आरक्षण कोटाका कारण पेशागत हेला होचो र सामाजिक लान्छना व्यहोर्नुपर्ने समस्या रह्यो ।

परिणाम, फेब्रुअरी २०१८ मा आरक्षण विरोधी विद्यार्थी आन्दोलन शुरु भयो र अप्रिलसम्म देशभर फैलियो । विद्यार्थीहरुको माग र आवाजलाई सुनुवाइ गर्दै तत्कालीन शेख हसिनाको सरकारले ४ अक्टोबर २०१८ मा सबै ५६ प्रतिशत आरक्षणको कानुनी व्यवस्था खारेज गरिदियो । तर, सोही कोटा बंगलादेशको अदालतको आदेशले पुनर्स्थापित गरिदियो । सरकारले कोटा प्रणालीलाई पुन: कानुनी व्यवस्थामा ल्याउने प्रयत्न गर्यो ।

त्यसका विरुद्ध जुलाई १ देखि विद्यार्थीहरु पुन: आन्दोलित भए, तर सन् २०१८ मा जस्तो शेख हसिनाले विद्यार्थीहरुसँग संवाद र छलफल गरिनन्, न त आरक्षण प्रणाली खारेजीको लागि तयार भइन् । बरु उनले विद्यार्थीहरु अराजक भएको, समय बर्बाद गरेर आन्दोलनमा उत्रिएको प्रतिक्रिया दिइन् । अवामी लिग समर्थक बंगलादेश छात्र लिगले प्रदर्शनकारी विद्यार्थीहरुमाथि आक्रमण गर्न शुरु गर्यो र सिंगो राज्य शक्ति विद्यार्थी आन्दोलनलाई नियन्त्रण गर्न केन्द्रित भयो ।

सन् २०१८ मा आरक्षण प्रणाली खारेज गर्न तयार शेख हसिना के कारणले २०२४ मा तयार भइनन् ? यसको मुख्यतया दुईवटा कारण छन् । यस पटकको संसदमा शेख हसिना अधिक शक्तिशाली थिइन् । संसदीय शक्ति र बहुमतका आधारमा उनले जनमतको आँकलन गरिन्, जुन सर्वथा गलत थियो । किनभने यो संसद बन्दाको निर्वाचन नै आलोचनाको शिकार भएको थियो र अत्यन्तै कम मतदान भएको थियो । तसर्थ यो संसदले न त जनमतको प्रतिनिधित्व गर्न सक्थ्यो न त जनमतलाई प्रभावित पार्न र आफ्नो पक्षमा ल्याउन सक्थ्यो ।

अर्को कारण भनेको स्वतन्त्रता सेनानीका परिवार अधिकांश अवामी लिग समर्थक छन् । तसर्थ स्वतन्त्रता सेनानी परिवारका लागि दिइने आरक्षण कोटाले सेना, प्रहरी, प्रशासन र न्यायलयमा अवामी लिगको बलियो पकड बनाउन अत्यन्तै उपयोगी हुन सक्थ्यो । संसदीय शक्ति र सत्ताका सबै क्षेत्रमा दिगो पकड जमाउने चाहनाका कारण शेख हसिना यस पटक आरक्षणको कोटा खारेज गर्न तयार भइनन् र अन्तत: यो नै उनको सत्ता बहिर्गमनको कारण बन्यो ।

### भू-राजनीति र बंगलादेश

यद्यपि सतहमा बंगलादेशको आन्तरिक राजनीतिक प्रतिस्पर्धा र विद्यार्थी आन्दोलन शेख हसिनाको सत्ता बहिर्गमन र सेना नियन्त्रित अन्तरिम सरकार गठनका कारण देखिए पनि यस सन्दर्भमा भू-राजनीतिक कारणहरुलाई नजरअन्दाज गर्न सकिँदैन । हामी सबैले बुझेकै विषय हो की एशिया प्रशान्त क्षेत्र अमेरिका र चीनको भू-राजनीतिक प्रतिस्पर्धाको क्षेत्रको रुपमा विकास भइरहेको छ । चिनियाँ प्रभावलाई नियन्त्रण गर्ने अमेरिकी रणनीति र पश्चिमा प्रभावसँग प्रतिस्पर्धा गरी विश्व शक्तिको रुपमा स्थापित हुने चिनियाँ रणनीतिको प्रभाव दक्षिण एशियामा पनि पर्नु स्वभाविक छ ।

अझ विशेष गरी विश्व भू-राजनीतिमा भारतीय प्रभाव र दक्षिण एशियाको भू-राजनीतिक ठेक्कामा भारतको निरन्तर दावीले यस क्षेत्रको भू-राजनीति पेचिलो बनिरहेको छ । सन् २००९ पश्चात दक्षिण एशियामा बंगलादेश उदाउँदो शक्तिको रुपमा बढीरहेको थियो । तर यस परिवेशमा बंगलादेशको विदेश नीति आर्थिक समृद्धि र विकासका लागि चीन र भारतसँगको सन्तुलित साझेदारी तथा अन्तर्राष्ट्रिय शक्ति सन्तुलनका हिसाबले पश्चिमा र अमेरिकालाई आश्वस्त पार्ने रणनीतिमा केन्द्रित भए ।

सन् २०२४ जनवरीको निर्वाचन यी शक्ति राष्ट्रहरुको प्रतिस्पर्धा मुखरीत हुने स्थल बन्यो । बंगलादेशको निर्वाचनको मुखमा तत्कालीन सरकार पक्षीय नेतृत्व, प्रशासन र सुरक्षाकर्मी लक्षित गरी अमेरिकाले निर्वाचनमा धाँधली गर्नेलाई भिसा निषेध गर्ने सार्वजनिक सूचना जारी गर्यो । पश्चिमा मुलुकहरुबाट अनुदान प्राप्त वा स्थापित निर्वाचन पर्यवेक्षकहरुले बंगलादेशको निर्वाचनको कटु आलोचना गरे ।

यसमा अमेरिकी, बेलायतको विदेश मन्त्रालय र संयुक्त राष्ट्रसंघ मानव अधिकार कार्यालयले समेत टिप्पणी गरेका थिए । तर निर्वाचन लगत्तै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, चीन र रुसले भने शेख हसिनालाई बधाई तथा शुभकामना दिएका थिए । यस घटनाबाट बंगलादेशको शेख हसिना र उनको दल अवामी लिगको विजयमा भारत, चीन र रुस समर्थक रहेको देखिन्छ भने अमेरिका र बेलायत लगायतका पश्चिमा मुलुक असन्तुष्ट देखिन्छ । बंगलादेशको आर्थिक प्रगतीमा चीनको महत्वपूर्ण भूमिका रहेको छ । हाल पनि बंगलादेशमा करिब ७ सय चिनियाँ कम्पनीहरु र करिब १ अर्ब ४० करोड अमेरिकी डलर बराबरको लगानी छ । गत वर्ष भएको शेख हसिना र चिनियाँ राष्ट्रपती सी जिनपिङ्गको भेटघाट र सहमती आगामी दिनमा विकासका लगानीहरुलाई तीव्र गति दिने, थप लगानी बढाउने र बहुपक्षीय अन्तर्राष्ट्रिय मञ्चहरुमा सहकार्य गर्ने सहमती भएको छ ।

अर्कोतर्फ भारतको व्यापारको महत्वपूर्ण साझेदारको रुपमा बंगलादेश देखापरेको थियो । साथै मुस्लिम समुदायप्रति अनुदार मोदी प्रशासन, बंगलादेशले लिएको जमात ए इस्लामको नियन्त्रण, बोर्डर सुरक्षा आतंकवाद विरोधी नीतिबाट सुरक्षित महसुस गरेको थियो । बंगलादेशसँग ऐतिहासिक सम्बन्ध रहेको भारतले बहिर्गमन गरेकी प्रधानमन्त्री शेख हसिनालाई सुरक्षित भारत ल्याउन र निर्वासनको व्यवस्था मिलाउन पनि सहयोग गरिरहेको छ ।

यस अर्थमा चीन, भारत र रुसको आर्थिक तथा सुरक्षा सहकार्यमा अघि बढ्दै गरेको बंगलादेशप्रति अमेरिकी र पश्चिमा मुलुकहरु असन्तुष्ट थिए । उनीहरुले बंगलादेशको विद्यार्थी आन्दोलनलाई अन्तर्राष्ट्रियकरण गर्न, अन्तर्राष्ट्रिय समर्थन जुटाउन र शेख हसिनाका गतिविधि लोकतन्त्र र मानवअधिकार विरोधी रहेको प्रचार अभियान चलाउन पनि सहयोग गरेको देखिन्छ ।

यसको मुख्य उद्देश्य भनेको पश्चिमा निर्भर भारतीय शक्तिलाई दक्षिण एशियामा निरन्तरता दिने र चीन तथा रुसको प्रभावलाई दक्षिण एशियामा नियन्त्रण गर्ने नै थियो । शेख हसिनाको सरकार र संसद यसका लागि बाधक हुन सक्थ्यो ।

पछिल्लो समय समुद्री मार्ग, बन्दरगाह र विश्व व्यापारको सञ्जालमा तटिय क्षेत्रहरुको महत्व निकै बढेको छ र शक्ति राष्ट्रहरुबीच तटिय क्षेत्र र समुद्री मार्ग रहेका मुलुकहरुलाई आफ्नो प्रभावमा राख्ने होड चलेको देखिन्छ । बंगलादेश बंगालको खाडी भएको महत्वपूर्ण मुलुक हो । बंगालको खाडी पृथ्वीको पश्चिम र पूर्वी मुलुकहरुबीच व्यवसायिक समुद्री पारवहनको महत्वपूर्ण मार्ग हो ।

यो मार्गलाई प्रभावमा राख्दा आफ्नो आर्थिक र सामरिक स्वार्थ सुरक्षित हुने शक्ति राष्ट्रहरुले महसुस गरेका छन् । तसर्थ पनि बंगलादेशको सत्ता नियन्त्रण कसको प्रभाव र हातमा रहन्छ भन्ने कुराले निकै अर्थ राख्दछ । बंगलादेशको सत्ता परिवर्तन, यसमा संलग्न भएका भू-राजनीतिक, धार्मिक समूहहरुबाट यो स्पष्ट हुन्छ कि विद्यार्थी आन्दोलनको आगोमा भू-राजनीतिको रोटी पनि सेकिँदैछ ।

### अबको सम्भावना

बंगलादेशको अन्तरिम सरकारको नेतृत्व नोबल पुरस्कार बिजेता तथा विख्यात अर्थशास्त्री एवं गरिबी निवारण अभियन्ता मोहम्मद युनुसले गरेका छन् । धेरैले मोहम्मद युनुसलाई गरिबी निवारण अभियन्ताको रुपमा चिन्दछन् र सोही अनुरुप सम्मान गर्दछन् । अमेरिकामा पढेका र फुलब्राइट स्कलर युनुसप्रति पश्चिमाहरुको लगाव अलिक बढी नै छ, त्यो केबल उनको कामको कारणले मात्र हो भन्न सकिँदैन ।

मोहम्मद युनुस एक भू-राजनीतिक व्यक्ति पनि हुन् । १९७१ को स्वतन्त्रता संघर्षमा उनले अमेरिकाको नेसभिलमा बंगलादेश सूचना केन्द्र चलाएका थिए । बंगलादेश स्वतन्त्रताको पक्षमा पश्चिमा समर्थ जुटाउन पनि सफल भएका थिए । १९७२ को स्वतन्त्रता पश्चात योजना आयोगका नेतृत्व गरेका युनुसले प्राध्यापन पेशा अंगाले, ग्रामिण विकास बैंकको अभियानमार्फत सामाजिक छवी उच्च बनाए ।

सन् २००७/०८ तिर जब बंगलादेशमा सेना समर्थित अन्तरिक सरकार थियो र खालिदा जिया र शेख हसिना बीच तीव्र प्रतिस्पर्धा थियो । युनुसले फरक भू-राजनीतिक दल गठन गरी निर्वाचनमा जाने तयारी पनि गरेका थिए । तर त्यो विषय अघि बढेन, यद्यपि शेख हसिना र उनी बिच दुरी बढाउन भने यही एजेन्डा काफी भयो ।

परिणाम पछिल्लो समय शेख हसिना युनुसको विरुद्धमा कम्मर कसेर लागिन् । २००७ मा नै दल गठन गर्ने सोच बनाएका युनुस केबल भू-राजनीतिक विज्ञ हुन् भनेर सम्भावनाहरुको आँकलन गरियो भने त्यो गलत हुन सक्छ । युनुसका अगाडि मुलत: तीनवटा चुनौतीहरु रहेका छन्- सैन्य नियन्त्रित शासन व्यवस्थालाई छिटोभन्दा छिटो निर्वाचन गरी लोकतान्त्रिक र नागरिक सत्तामा फर्काउने, आर्थिक विकास र प्रगतीलाई निरन्तरता गर्नका लागि भारत, चीन र रुससँगको सम्बन्ध बरकरार र विश्वसनीय राख्ने र आफ्नो पुरानो सम्बन्ध र सम्पर्क रहेको अमेरिका र पश्चिमा मुलुकलाई आश्वस्त पार्ने ।

यी चुनौतिहरुका बीच निर्वाचनमा जाँदा अब कट्टरपन्थी र सैन्यकरण विचार बोकेको बंगलादेश नेसनलिस्ट पार्टीले निर्वाचन जित्ने संभावना छ किनभने अवामी लिग पुनर्गठन हुन अत्यन्तै गाह्रो छ र खुलेर निर्वाचनमा जान पनि सक्ने अवस्था छैन । यस अवस्थामा युनुसले कसरी लोकतन्त्र र नागरिक सत्ता र समावेशीकरणको सुनिश्चितता गर्नेछन् हेर्न बाँकी नै छ ।

अर्कोतर्फ विश्व भू-राजनीतिमा प्रतिस्पर्धा गरिरहेका शक्तिहरुलाई कसरी आफ्नो सन्तुलित भूमिकाप्रति आश्वस्त बनाउन सकिन्छ अर्को चुनौती रहेको छ । यसो नहुँदा बंगलादेश भू-राजनीतिक खेल र प्रतिस्पर्धाको मैदान पनि बन्न सक्छ ।

*(साभार: अनलाइनखबर)*

# विश्व फुटबलमा हाबी बन्दै स्पेन

काठमाडौं/स्पेनले अहिले हरेक स्तरको फुटबलमा दबदबा कायम गरेको छ । स्पेनको पुरुष टिमले इंग्ल्यान्डलाई हराउँदै युरोपियन च्याम्पियनसिपको उपाधि जित्यो । महिला टिमले गत वर्ष विश्व कपको उपाधि जितेको थियो ।

युरोपियन क्लब फुटबलमा पनि स्पेनकै टोलीले दुई ठूलो उपाधि जितेका छन् । रियलले मड्रिडले पुरुषतर्फ च्याम्पियन्स लिग र बार्सिलोनाले महिलातर्फको च्याम्पियन्स लिग जितेका थिए । पेरिस ओलम्पिकको फुटबलमा फाइनल पुगेको स्पेनले पुरुष यू-२३ टोलीले ओलम्पिक स्वर्ण पदक जितेको छ । शुक्रबार भएको फाइनलमा स्पेनले आयोजक फ्रान्सलाई ५-३ ले पराजित गरेको छ । स्पेनको महिला टिम भने सेमिफाइनलमा ब्राजिलसँग पराजित हुँदै बाहिरिएको छ ।

स्पेनको फुटबलका लागि यो ठूलो उपलब्धीहरुको सूची हो । र उसको प्रतिस्पर्धी देशहरुका लागि भने यो चिन्ताको विषय बन्न सक्छ । कसरी स्पेन विश्व फुटबलमा हावी बनिरहेको छ त ? बीबीसीले त्यसका केही कारणहरु प्रस्तुत गरेको छ ।



**जितको भावनालाई सामान्यीकरण**

स्पेनले सन् २०१२ पछि पहिलो पटक युरो कपको उपाधि जित्यो । वास्तविकता हेर्दा यी दुई उपाधिको बीचमा स्पेनको राष्ट्रिय टिम संकटकालीन अवस्थामा थियो । तर स्पेन जब कुनै पनि प्रतियोगिताको अन्तिसम्म पुग्छ त्यसमा उनीहरु शीर्ष स्थानमै पुग्छन् । तथ्याङ्कमा हेर्दा पनि त्यो देखिन्छ ।

विश्वकप, युरोपियन च्याम्पियनसिप, च्याम्पियन्स लिग वा यूईएफए कप/युरोपा लिग सबैमा स्पेनको पुरुष टिम २७ पटक फाइनल पुगेकामा सबै स्पेनकै पक्षमा नतिजा आएको छ । यस्तै महिलातर्फ पछिल्लो दशकयता मात्र व्यवसायिक सुरुवात भएको स्पेनी टिमले पनि सुखद नतिजा दिन थालेको छ ।

महिला टिमले विश्वकपमा सहभागिता जनाएको तेस्रो पटकमै इंगल्याण्डलाई हराएर विश्वकप जितेको थियो । स्पेनले सन् २०१५ को महिला विश्वकपमा डेब्यु गरेको थियो । स्पेनको महिला टिमले यसै वर्षको सुरुमा यूईएफए नेसन्स लिगको उपाधि जितेको थियो । यस्तै बार्सिलोनाले पछिल्लो दुई महिला च्याम्पियन्स लिगको उपाधि जितेको छ । 'स्पेनको महिला फुटबलमा भएको परिवर्तन विशेष प्रभावकारी देखिएको छ', हाल पत्रकार रहेकी पूर्वफुटबलर मारिया गारिडोले बीबीसीसँग भनिन् । १० वर्षअघि उनले बार्सिलोनाबाट खेल्दा महिलाका लागि ला मासिया (बार्सिलोनाको खेलाडी उत्पादन गर्ने एकेडेमी) थिएन ।

'हामी आफैंले यातायात खर्च व्यहोर्नुपर्थ्यो । हाम्रो अभिभावकले हामीलाई प्रशिक्षणमा ल्याउँथे र हामीले कुनै पैसा पाउने थिएनौं', मारियाले भनिन् । तर, पछिल्लो पाँच वर्षमा अवस्था नाटकीय रूपमा सुधार भएको छ । त्यहाँ महिला फुटबललाई प्रमोट गर्न उल्लेख्य काम भएका छन् । धेरै युथ एकेडेमीहरु बनिरहेको छ । राम्रो सुविधा र वातावरण छ । महिलाको लागि पनि छुट्टै एकेडेमी बनेको छ ।

उनले यो परिवर्तनले महिला फुटबलमा क्रान्तिमात्रै ल्याएको नभई स्पेनमा महिला फुटबलको लागि सम्मान समेत हुन थालेको बताइन् । पुरुष र महिला टिमको यो सफलताका साथै पछिल्लो दशकमा स्पेनले युथ लेभलमा पनि धेरै उपाधि जितेको छ । ती टिमबाट आएका खेलाडीहरुले सिनियर फुटबलमा विनिङ मेन्टालिटी समेत सँगै लगेका छन् ।

२० वर्षीय सालमा पाराउलो स्पेनले विश्वकप जित्दाको टिमको सदस्य थिइन् र बार्सिलोनाबाट दुई पटक महिला च्याम्पियन्स लिगको उपाधि जितिसकिन् । उमेर समूहमा उनले यू-२० र यू-१७ विश्वकप जितेकी थिइन् । साथै यू-१७ युरोपियन च्याम्पियनसिप समेत जितेकी थिइन् । पाराउलोले गत वर्ष फिफासँगको कुराकानीमा आफूहरुले सबै कुरा जितिरहेको र अन्त्यमा जित्नुलाई सामान्यीकरण गरेको बताएकी थिइन् । 'हामीले जे गर्‍यौं त्यो असाधरण छ', उनले भनेकी थिइन् ।

**प्रशिक्षकको निरन्तरता**

स्पेनको पछिल्लो सफलतामा प्रशिक्षकको निरन्तरताले पनि महत्वपूर्ण भूमिका खेलेको छ । स्पेनलाई २०२४ को युरो च्याम्पियन बनाउँदा प्रशिक्षक लुइस डे ला फुएन्टेले नेतृत्व गरेका थिए । ६३ वर्षीय फुएन्टेले सन् २०२२ मा स्पेनी टिमको जिम्मेवारी लिएका थिए ।

तर उनले त्यसअघि स्पेनको यू-१९, यू-२१ र यू-२३ उमेर समूहमा टिमलाई प्रशिक्षण दिइसकेका थिए । जर्मनीमा युरो च्याम्पियन बन्नु स्पेनको टिमसँग उनको तेस्रो उपलब्धी हो । यसअघि उनले यू-१९ र यू-२१ मा पनि उपाधि जितेका थिए । 'टिममा रहेका अधिकांश खेलाडीलाई फुएन्टे एकेडेमीदेखि नै चिन्थे उनीहरु टिमको रुपमा विकास हुँदै थिए', स्पेनका पूर्वमिडफिल्डर जुआन माटाले भने, 'यो वर्तमानको मात्रै टिम होइन, यो टिम भविष्यको लागि पनि हो ।'

स्पेनको महिला टिमले विश्वकपको उपाधि जित्दा प्रशिक्षक रहेका जोर्ग भिल्डा ८ वर्षदेखि राष्ट्रिय टिमको प्रशिक्षक थिए । फुटबल संघका अध्यक्ष लुईस रुबियल्सको विवादमा परेपछि भिल्डा बर्खास्तीमा परे । उनले पनि त्यसअघि यू-१७ र यू-१९ टिमट समेत उपाधि जितिसकेका थिए ।

भिल्डालाई उनको सहायक प्रशिक्षक मोन्टसे तोमले रिप्लेस गरिन् । तोम स्पानिस महिला टिमको पहिलो महिला मुख्य प्रशिक्षक समेत बनिन् । उनको प्रशिक्षणको पहिलो प्रयासमा फेब्रुअरीमा स्पेनले फ्रान्सलाई हराएर नेसन्स लिगको उपाधि जित्यो ।

'यू-१७ र यू-१९ टिमको प्रशिक्षकलाई सिनियर टोलीमा पदोन्नति गर्दै अभ्यासले स्पेनको सिनियर टोलीमा निरन्तर रणनीतिक दृष्टिकोण र दर्शनलाई गति दिएको छ', गारिडो भन्छिन् । यस्तो अभ्यासले खेलाडीहरुलाई परिचित नेतृत्वसँग काम गर्न हुने र उमेर समूहदेखि सिनियर स्तरसम्म एकीकृत खेल शैलीको सुनिश्चित गर्ने उनले बताइन् ।

**परिभाषित फुटबल शैली**

सन् २००० को अन्तिम र २०१० दशकको सुरुवातमा अवधिमा स्पेनको टिमले दबदबा बनाउँदा उनीहरु छोटो पास र 'टिकी टाका' शैलीका कारण चर्चित थियो । 'टिकी टाका' युग अब धेरै हदसम्म समाप्त भइसकेको छ । तर, स्पानिस फुटबलले अझै यसको सिद्धान्तलाई छाडेको छैन । यसले उनीहरुलाई विकसित गरेको छ ।

पोसेसन अझै पनि उनीहरुको खेलको मुख्य भाग बनेको छ । तर यो पहिले जस्तो प्रभावकारी भने छैन । युरो २०२४ मा क्रोएसिया विरुद्ध ३-० को जित निकाल्दा विपक्षी टिमको भन्दा स्पेनको थोरै बल पोसेसन थियो । युरो २००८ को फाइनलयताका १३६ खेलपछि मात्र स्पेनको टिममा यस्तो भएको थियो ।

टेक्निक र पोसेसन अझै पनि स्पेनिस टिमको मुख्य विशेषता हो । यही दुई कुरा महिला र युवा फुटबलमा पनि मुख्य केन्द्रमा छ ।

अन्तिम उद्देश्य भनेको सबै स्तरमा खेलाडीलाई सबै लेभलमा खेल शैलीसँग परिचित गराउनु हो । 'स्पेन टिमको बारेमा राम्रो पक्ष भनेको खेलाडीलाई आफ्नो भूमिका थाहा छ र यसलाई कसरी लागु गर्ने थाहा छ', म्यानचेस्टर सिटीका पूर्व डिफेण्डर मिकाह रिचर्डसले स्पेनले युरो २०२४ मा इंगल्याण्डलाई हराएपछि भनेका थिए ।

रिचर्डसले इंग्ल्याण्ड मैदानमा उत्कृष्ट खेलाडीहरु ल्याउन केही पछि परेको तर स्पेनले भने आफ्नो शैलीमा प्रभाव पार्न सक्ने खेलाडीलाई टिममा ल्याउन सफल भएको बताएका थिए ।

**चुम्बन घटनाको असर मेटिंदै**

पछिल्लोसमय विश्वकपमा स्पेनकी फर्वाड जेनी हार्मोसलाई उनको अनुमति बिना चुम्बन गरिएको घटना सार्वजनिक भएपछि स्पेनिस फुटबल केही विवादमा तानियो । स्पेनिस फुटबलका अध्यक्ष रुबियालेसले उनलाई चुम्बन गर्दा हार्मोसले आफूमाथि यौन दुर्व्यवहार भएको भनेकी थिइन् । त्यसपछि अध्यक्ष रुबियालेसले राजीनामा दिए । त्यो घटनाले प्रत्यक्ष रुपमा स्पेनको महिला फुटबल टिमलाई असर गरेको थियो । 'त्यो घटनापछि स्पेनिस फुटबलले विकासको गति दिन भने छोडेको छैन', गरिडोले भनिन् । यो घटनापछि केही नकरात्मक ध्यान तानेर मनोबलमा असर गरेपनि स्पेनको बलियो फुटबल प्रणाली र क्षमतावान खेलाडीहले पुटबललाई ट्र्याकमै राख्न मद्दत गरेको गारिडोले बताइन् ।

यो काण्डले भविष्यमा स्पानिस फुटबलमा सकारात्मक परिवर्तन ल्याउने र फुटबल महासंघभित्र थप पारदर्शिता, समावेशीता र लैङ्गिक समानताको लागि जोड दिने पनि उनले बताइन् । गारिडोले केही सुधारको आवश्यकता रहेको र त्यसले अझै बलियो र समावेशी हुन सक्ने बताइन् ।

*स्रोत: बीबीसी*

# धीरज र उपासनाको 'खुस्मा' टिजरमा के छ ?



काठमाडौं/संविधान दिवसको विदा पारेर आगामी असोज ३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'खुस्मा'को टिजर सार्वजनिक गरिएको छ । शनिबार युट्युबमार्फत् सार्वजनिक टिजरले फिल्मका शीर्ष अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरीबीचको प्रेम र समर्पणलाई दर्शाएको छ । माओवादी सशस्त्र विद्रोहले गाउँमा पारेको प्रभावलाई पनि टिजरको अन्तिममा देखाउन खोजिएको छ ।

अशोक थापा मगरको लेखन एवं निर्देशन रहेको फिल्ममा धीरज र उपासनासहित माओत्से गुरुङ, खड्कबहादुर पुन (खबपु), राज थापा काउचा, सुजता राई, विजय संयोक सुब्बा, राजु रेग्मी मगर, अस्तित्व भट्टचन, संगीता थापामगर, सारा राई, विवेश मगर, श्वेता मिश्र, दुईसाङ थिङ, अरुण पुन मगर लगायतले अभिनय गरेका छन् । 'खुस्मा' मगर समुदायको पृष्ठभूमिमा बनेको जनाइएको छ ।

फिल्मको निर्माताहरुमा वीर बहादुर लामा, चन्द्र बहादुर भट्टचन र बेतान मगर छन् भने सह-निर्माताहरु मान बहादुर धनाह मगर र सुस्मिता बुढाथोकी हुन् । मोहन राई कार्यकारी निर्मातामा छन् । गोविन्द शाहीले वितरण गर्न लागेको फिल्ममा दीपक बज्राचार्यको छायांकन, एसडी योगी र छान्जु पार्कको संगीत तथा सुरेन्द्र राना, राम अविरल विष्ट र निर्देशक थापा मगर स्वयंको शब्द रचना छ ।

# के-पप ब्याण्ड 'ब्ल्याकपिंक'को कन्सर्ट फिल्म नेपालमा रिलिज हुँदै

काठमाडौं/के-पप ब्याण्ड 'ब्ल्याकपिंक'का नेपाली फ्यानलाई खुसीको खबर छ । ब्याण्ड स्थापनाको आठौं वर्षगाँठको सन्दर्भमा ब्याण्डको कन्सर्ट फिल्म 'ब्ल्याकपिंक्स वर्ल्ड टुर : बर्न पिंक' आगामी शुक्रबार (३२ साउन)मा नेपालमा रिलिज हुने भएको छ ।

फिल्मको नेपाल वितरण कम्पनी बटरफ्लाई फिल्म्सले विज्ञप्ति जारी गर्दै नेपालका सीमित हलमा यसलाई रिलिज गरिने जनाएको छ । बिजुली झैं तीव्र गतिको डान्स र ट्र्याकबाट फ्यानको मन जित्दै आएको ब्याण्डको यो फिल्मले नेपाली प्रशंसकको मन जित्न सक्ने अपेक्षा वितरकको छ ।



९३ मिनेट रनटाइमको यो फिल्मलाई मिन गेउन र ओह यून-डोंगले संयुक्त रुपमा निर्देशन गरेका हुन् । फिल्ममा ब्याण्डका सदस्यहरु किम जिसु, जेनी किम, ललिसा मनोबन, रोजेन पार्कलाई चित्रण गरिएको छ ।

सन् २०२२ मा रिलिज भएको दोस्रो एल्बम 'बर्न पिंक'को सांगीतिक टुर 'द बर्न पिंक वर्ल्ड टुर'मा यो फिल्म आधारित छ । त्यतिबेला अस्ट्रेलिया, एसिया, युरोप र उत्तर अमेरिका लगायतका २२ मुलुकमा ६६ कन्सर्ट आयोजना गरिएका थिए । सन् २०२३ को बिलबोर्डअनुसार उक्त कन्सर्टले १४८.३ मिलियन डलरको कमाइ गरेको थियो ।

कुनै महिला ब्याण्डले आयोजना गरेको कुनै कन्सर्टले कमाएको सर्वाधिक आम्दानी त्यो थियो । उक्त टुरमा १.८ मिलियन मानिसको सहभागिता रहेको अनुमान छ ।

बरटफ्लाइ फिल्म्सकी जेनिश पहारीका अनुसार पछिल्लो पटक नेपालमा के-पप ब्याण्डका फिल्म्स धमाधम रिलिज हुन थालेका छन् । कम्पनीले यसअघि 'बीटीएस', 'सुगा : रोड टु डी-डे', 'जे होप इन द बक्स'लाई नेपालमा रिलिज गरेको थियो ।

# मापदण्ड विपरीत सञ्चालित धनुषाका डेरी उद्योग कारबाहीमा



जनकपुरधाम/खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरले तोकिएको मापदण्ड अनुसार दुग्धजन्य पदार्थ उत्पादन नगर्ने दुई डेरी उधोगमाथि कारबाही गर्ने भएको छ ।

मापदण्ड विपरीत सञ्चालित जनकपुर-१४ स्थित जानकी र छिरेश्वरनाथ नगरपालिका-५ स्थित विशाल डेरी उद्योगमाथि जिल्ला अदालत जनकपुरमा मुद्दा दायर गरी कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको हो ।

कार्यालयले अनुगमनका क्रममा दुवै उद्योगबाट उत्पादित सामग्रीको नमूना सङ्कलन गरी जाँच गर्दा कैफियत पाएपछि कारबाही गरिएको कार्यालयका सूचना अधिकारी प्रवीण तिवारीले जानकारी दिए ।

'माँ जानकी डेरी उद्योगबाट उत्पादित खुवा, घ्यू तथा प्रशोधित दूधको नमूना सङ्कलन गर्दा मापदण्डअनुसार नभएको पाइएको छ । विशाल डेरी उद्योगको पूजामा प्रयोग गरिने घ्यूको जाँच गर्दा कैफियत पाइएको हो', उनले भने । बजारमा विशाल डेरीबाट उत्पादित घ्यू नष्ट गरिएको छ ।

कार्यालयले गत आवमा यहाँ ४६ वटा औद्योगिक तथा व्यावसायिक फार्मबाट उत्पादित सामग्रीको अनुगमन, छड्के निगरानी गरी मिसावट भएका, गुणस्तरहीन तथा म्याद नाघेका वस्तु नष्ट गरेको थियो । सङ्कलित नमूनामध्ये प्रयोगशालामा जाँच गर्दा दुई डेरी उद्योग मापदण्ड विपरीत सञ्चालन भएको पाइएको कार्यालयका सूचना अधिकारी तिवारीले जानकारी दिए ।

कार्यालयबाट जनकपुर सहित धनुषाको विभिन्न बजार तथा चोकमा अनुगमन भएको थियो । व्यावसायिक होटल, रेष्टुरेण्ट, मासु पसल, किराना पसल, मिष्ठान भण्डार, बोर्डिङ स्कुलका क्यान्टिन, अस्पतालका क्यान्टिनको अनुगमन गरिएको थियो । अनुगमनका क्रममा ती व्यवसायिक फार्मबाट रु दुई लाख मूल्य बराबरको अखाद्य वस्तु नष्ट गरिएको तिवारीले बताए ।

गत आवमा मधेस प्रदेशको आठ जिल्लाबाट तीन हजार पाँच सय ८७ खाद्यपदार्थको नमूना जाँच गर्दा ७४ वटा नमूना प्रतिकूल पाइएको थियो । तीमध्ये ३१ मुद्दा दायर, १६ को बयान सकिएको र अन्यको बयान लिन बाँकी रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# कर्णालीमा सबैभन्दा बढी उत्पादन हुने अनाज मकै

सुर्खेत/कर्णालीमा गत आर्थिक वर्ष २०८०/८१ मा साढे पाँच लाख मेट्रिक टन खाद्यान्न उत्पादन भएको छ । कर्णाली प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्क अनुसार पाँच लाख ५२ हजार नौ सय ३० मेट्रिक टन खाद्यान्न उत्पादन भएको हो ।

जसअन्तर्गत कर्णालीमा सबैभन्दा धेरै मकै उत्पादन हुने गरेको छ । गत आवमा दुई लाख १९ हजार आठ सय दुई मेट्रिक टन मकै उत्पादन भएको छ । त्यसपछि गहुँ उत्पादन एक लाख ५२ हजार छ सय २१ मेट्रिक टन भएको छ भने धान एक लाख ४५ हजार ६३ मेट्रिक टन उत्पादन भएको छ ।

उत्पादनका हिसाबले कर्णालीमा धान उत्पादन तेस्रो नम्बर परेको छ । जौ ११ हजार पाँच सय ५६ कोदो १६ हजार तीन सय १० फापर तीन हजार ८८ मेट्रिक टन उत्पादन भएको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ ।

यस्तै, उवा एक हजार आठ सय १९ मेट्रिक टन उत्पादन हुँदा चिनो एक हजार छ सय ८१ मेट्रिक टन, कागुनो नौ सय ३६ र लट्टे ४५ मेट्रिक टन उत्पादन भएको जनाइएको छ ।

**२३ हजार मेट्रिक खाद्यान्न अपुग**

प्रदेशमा वार्षिक २३ हजार मेट्रिक टनभन्दा धेरै खाद्यान्न अपुग हुने गरेको पाइएको छ । तथ्याङ्कानुसार प्रदेशमा वार्षिक रूपमा २३ हजार चार सय ३४ मेट्रिक टन खाद्यान्न अपुग हुने गरेको हो । राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशको जनसंख्या १६ लाख ८८ हजार चार सय १२ रहेको छ ।



यो संख्यालाई आधार मान्दा कर्णालीमा वार्षिक एकजनालाई दुई सय एक किलो खाद्यान्न आवश्यक पर्दछ । कर्णालीमा अहिले वार्षिक तीन लाख २० हजार आठ सय ९० मेट्रिक टन खाद्यान्न उत्पादन हुने गरेको छ ।

कर्णालीलाई पूर्ण रूपमा खाद्यान्नमा आत्मनिर्भर हुन तीन लाख ४४ हजार तीन सय २४ मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने कृषि विकास निर्देशनालयका कृषि प्रसार अधिकृत तिलकप्रसाद पाण्डेले जानकारी दिए । जिल्लागत रूपमा सल्यान, दैलेख र सुर्खेत मात्र खाद्यान्नमा आत्मनिर्भर छन् । अन्य सात जिल्लालाई आफ्नै उत्पादनले वर्षभर धान्न सक्ने अवस्था नरहेको पाण्डेले बताए ।

एकानब्बे हजार ३३ मेट्रिक टन खाद्यान्न उत्पादन हुने सुर्खेत खाद्यान्नमा आत्मनिर्भर छ । सुर्खेतमा चार हजार आठ सय ६७ मेट्रिक टन मौज्दात रहने गरेको निर्देशनालयले जनाएको छ ।

त्यसैगरी, खाद्यान्नमा आत्मनिर्भर जिल्ला सल्यान हो । सल्यानमा वार्षिक ४७ हजार सात सय ८८ मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने भए पनि ५२ हजार तीन सय ७४ मेट्रिक टन उत्पादन हुने गरेको छ । पाण्डेका अनुसार दैलेखमा पनि वार्षिक ५६ हजार आठ सय १२ मेट्रिक टन उत्पादन हुन्छ । जबकि दैलेखलाई ५० हजार तीन सय ६१ मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने गरेको छ । अन्य सात जिल्ला भने खाद्यान्नमा आत्मनिर्भर हुन सकेका छैनन् ।

अहिले पनि डोल्पामा वार्षिक पाँच हजार ९९ मेट्रिक टन खाद्यान्न अपुग छ । हुम्लामा आठ हजार पाँच सय ६५, मुगुमा छ हजार चार सय ३९, जुम्लामा तीन हजार पाँच मेट्रिक टन खाद्यान्न वार्षिक रूपमा अपुग हुने गरेको छ ।

सबैभन्दा धेरै कालीकोटमा १० हजार तीन सय १७ मेट्रिक टन वार्षिक रूपमा खाद्यान्न अपुग हुँदा रुकुमपश्चिममा एक हजार छ सय १५ र जाजरकोटमा चार हजार दुई सय ९९ सय मेट्रिक टन खाद्यान्न वार्षिक रूपमा अपुग हुने गरेको कृषि विकास निर्देशनालयको तथ्याङ्क छ ।

यस वर्ष हुरीबतासका कारण मकैबालीमा र केही जिल्लाको धानबालीमा क्षति भएको तथा भूकम्पका कारण भण्डारण भएको खाद्यान्न क्षति भएका कारण खाद्यान्न बचतमा कमी देखिएको निर्देशनालयले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्म 'अञ्जिला'को रिलिज मिति परिवर्तन, अब फागुन २९ मा प्रदर्शन हुने

काठमाडौं/महिला राष्ट्रिय फुटबल टिमकी नम्बर एक गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाको जीवनमा आधारित नेपाली फिल्म 'अञ्जिला'को रिलिज मिति सारिएको छ। माघ ११ गते प्रदर्शनमा ल्याउने योजना गरिएको यो फिल्म अब फागुन २९ गतेदेखि सिनेमाघरमा आउनेछ ।

निर्देशक मिलन चाम्सले सबै पक्षलाई उचित समय दिनुपर्ने भएकाले रिलिज मिति सारिएको जानकारी दिएका छन् । फिल्ममा एञ्जिला आफैं मुख्य भूमिकामा देखिनेछिन्, साथै दयाहाङ राई, सिर्जना सुब्बा, माओत्से गुरुङ, र बुद्धि तामाङजस्ता चर्चित कलाकारहरूको अभिनय रहेको छ । निर्माता प्रेम कुमार श्रेष्ठले पनि फिल्ममा महत्वपूर्ण भूमिका निभाएका छन्।

फिल्मको छायांकन एञ्जिलाको जन्मथलो इलामको आइतबारे, झापा, र काठमाडौंमा गरिएको छ । निर्देशक चाम्सले यो फिल्मले फरक र प्रेरणादायी सन्देश दिने विश्वास व्यक्त गरेका छन् । 'अञ्जिला' फिल्म एञ्जिलाको बाल्यकालदेखि फुटबल खेलाडीको रूपमा उनले सामना गरेको चुनौतीहरू र सफलताको कथा प्रस्तुत गर्नेछ, जसले दर्शकलाई इच्छाशक्ति र परिश्रमले सबै सम्भव छ भन्ने सन्देश दिन्छ । यद्यपि, यो फिल्म ठ्याक्कै एञ्जिलाको बायोपिक भने नभएको निर्देशकले स्पष्ट पारेका छन् ।

फिल्मको छायांकन सुदीप बरालले गरेका छन् भने सम्पादन मिलन श्रेष्ठले गरेका छन् ।



मुन लभ इन्टरटेन्मेन्टको ब्यानरमा प्रेम श्रेष्ठले निर्माण गरेको यो फिल्मका सह-निर्मातामा विनोद अग्रवाल र राजेश बगडिया रहेका छन् । विनोद सुवेदी खत्रीले निर्माण नियन्त्रकको भूमिका निभाएका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# हेटौंडादेखि मनहरीसम्म र्‍याफटिङ सरर...

प्रतिक्षा न्यौपाने

हेटौंडा, २६ साउन/ हेटौंडाबाट मनहरी गाउँपालिकाको केन्द्र रजैयासम्म नदीहरुमा खेलिने सहासिक खेल र्‍याफटिङको प्रयास थालिएको छ । त्रिशुलीसहित देशका अन्य नदीहरुमा समेत र्‍याफटिङ गराउँदै आएको समूहले हेटौंडादेखि रजैयासम्म व्यवसायिक र्‍याफटिङको प्रयास थालिएको हो ।



नेचर स्स्पोर्टस् एण्ड एडभेञ्चर प्रालिले दुई वटा बोट ल्याएर पहिलो दिन मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती सहित जिल्लाका पत्रकारहरुलाई र्‍याफटिङ गराएको हो । स्थानीय पर्यटन र आर्थिक विकासको दृष्टिले र्‍याफटिङ खेल एक महत्वपूर्ण कदम मानिएको मनहरीका अध्यक्ष कालाखेतीले बताए । उनले मनहरीको विकासका लागि पर्यटनलाई पनि महत्वपूर्ण स्थान दिने प्रतिबद्धता ब्यक्त गरेका छन् ।

यसअघि त्रिशुली नदीमा मात्र उपलब्ध रहेको र्‍याफटिङको अनुभव अब हेटौंडावासीले आफ्नै सहरमा लिन पाउने भएका छन् । विशेषज्ञहरुका अनुसार, यो सेवालाई व्यवस्थित गरी उचित लगानी गर्न सकिएमा स्थानीय नगरपालिका, प्रदेश सरकार र स्थानीय समुदायले राम्रो आम्दानी गर्न सक्ने सम्भावना रहेको छ । नयाँ पहलले हेटौंडाको पर्यटन क्षेत्रमा नयाँ आयाम थप्नुका साथै स्थानीय अर्थतन्त्रलाई बलियो बनाउन मद्दत पुर्‍याउने अपेक्षा गरिएको छ ।

नेचर स्पोर्टस एन्ड एडभेन्चर्स प्रालिका गाइड कटक गुरुङकाअनुसार राप्ती नदीको पानीको बहाव, सुरक्षा, र मनोरञ्जनका दृष्टिले र्‍याफटिङका लागि उत्तम रहेको छ । कम्पनीले हेटौंडाको राप्तीपुलदेखि मनहरी ज्यामिरेसम्मको ३ घण्टाको र्‍याफटिङ यात्राका लागि प्रति व्यक्ति ९ सय रुपैयाँ शुल्क निर्धारण गरेको जनाएको छ । नयाँ पर्यटकीय गतिविधिले हेटौंडा र आसपासका क्षेत्रहरुमा पर्यटन प्रवर्द्धन गर्नुका साथै स्थानीय अर्थतन्त्रलाई बढावा दिने अपेक्षा गरिएको छ ।

नेपाल प्रचुर मात्रामा पर्यटकीय सम्भावना बोकेको देश हो । त्यसमा पनि साहसिक पर्यटकका लागि त झनै उत्कृष्ट गन्तव्य हो । साहसिक पर्यटनमा पनि क्यानोनिङ, बन्जी, प्याराग्लाइडिङ, पर्वतारोहण र र्‍याफटिङ अझ बढी रुचाइएका क्षेत्र हुन् । तर यी क्षेत्रको पर्याप्त प्रचार हुन सकेको छैन । नेपालमा सन् १९६० मा त्रिशुलीबाट र्‍याफटिङ सुरु भएको हो । नेपालमा र्‍याफटिङका लागि भोटेकोशी, अपर सेती, त्रिशुली, कालीगण्डकी, बुढीगण्डकी, कर्णाली, मर्स्याङ्दी जस्ता नदी प्रसिद्ध छन् ।

# जनता माविमा प्राथमिक उपचार सम्बन्धि अभिमुखीकरण



साझाकुरा संवाददाता

हेटौंडा, २६ साउन/ मकवानपुरगढी गाउँपालिकाको जनता माध्यमिक विद्यालयमा राष्ट्रका लागि योगदान मकवानपुरको आयोजनामा प्राथमिक उपचार सम्बन्धि अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

विद्यार्थीहरुलाई प्राथमिक उपचारको महत्व र विधिहरुबारे जानकारी प्रदान गर्ने उद्देश्यले उक्त कार्यक्रम गरेको आयोजकले जनाएको छ । कार्यक्रमसंस्थाका अध्यक्ष पदम प्रसाद सेढाई (मिलन) को सभाध्यक्षता तथा मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान प्रमुख अतिथ्यातामा कार्यक्रम भएको हो । अध्यक्ष स्याङ्तानले यस्ता कार्यक्रमहरुको महत्व र आवश्यकता माथि जोड दिए ।

'मानव जीवनमा घट्ने साना-साना समस्याहरु जस्तै डिप्रेसन, सर्पले टोक्ने, पानीमा डुब्ने, करेन्ट लाग्ने जस्ता घटनाहरुमा हामी आत्तिएर नभागी प्राथमिक उपचार गर्न सक्ने ज्ञान हुनु अत्यन्त आवश्यक छ । यो कार्यक्रम त्यस दृष्टिले निकै प्रभावकारी रहेको छ ।,' उनले भने । अध्यक्ष स्याङ्तानले यस कार्यक्रमबाट विद्यार्थी र शिक्षकहरुले साना-साना घटनाले पनि जीवन जोखिममा पार्न सक्ने भन्ने महत्वपूर्ण ज्ञान प्राप्त गरेको बताउँदै राष्ट्रका लागि योगदान परिवारलाई धन्यवाद दिए ।

कार्यक्रममा विभिन्न आपतकालिन अवस्थाहरुमा गर्नुपर्ने प्राथमिक उपचारका विधिहरुबारे विस्तृत जानकारी दिइएको थियो । संस्थाका अध्यक्ष सेढाईले व्यावहारिक प्रदर्शन (डेमो) मार्फत् विद्यार्थीहरुलाई बेहोस् भएमा, पानीमा डुबेमा, घाँटीमा केही अड्किएमा, विष सेवन गरेमा, नाथ्री फुटेको अवस्थाहरुमा गर्नुपर्ने प्राथमिक उपचारका तरिकाहरु सिकाएका थिए । यसैगरी, संस्थाका केन्द्रीय सदस्य एवम् मकवानपुरकापूर्व अध्यक्ष रुपक कालिराजले संस्थाको गतिविधि, उद्देश्य र योजनाहरु बारे जानकारी दिउ ।

करेन्ट लागेको र हृदयघात भएको अवस्थामा गर्नुपर्ने प्राथमिक उपचारका विधिबारे कार्यक्रममा सचेतना अभिवृद्धि गरिएको थियो । राष्ट्रका लागि योगदान मकवानपुरगढीका अध्यक्ष तारा प्रसाद पाण्डेले सर्पले टोकेको र छारे रोग लागेको अवस्थामा गर्नुपर्ने प्राथमिक उपचारबारे जानकारी दिउ । त्यसैगरी, संस्थाका जिल्ला उपाध्यक्ष विजय बजगाईंले डिप्रेसन सम्बन्धी विषयमा आफ्नो प्रस्तुतीकरण दिएका थिए । जनचेतनामूलक कार्यक्रम पश्चात् विद्यालयलाई २ थान प्राथमिक उपचार बक्ससमेत प्रदान गरेको थियो ।

# मानसिक रोगी हिरालालको खोरबाट उद्दार

मञ्जु मैनाली

हेटौंडा, २६ साउन/ मानसिक सन्तुलन गुमाएका मकवानपुरको मनहरीका हिरालाल थिङलाई खोरबाट उद्दार गरिएको छ । लामो समयदेखि खोरमा थुनिएका थिङलाई सिआन पुर्नस्थापना केन्द्रले उद्दार गरेको हो ।



मनहरी गाउँपालिका-१ का २३ वर्षीय थिङको हेटौंडा-९ लामसुरे हाइटस्थित सिआन पुर्नस्थापना केन्द्रले उद्दार गरी उपचारको सोत जिम्मा लिएको छ । विगत ६ महिनादेखि सञ्चार माध्यममा हिरालालको समाचार प्रकाशित भएपछि गाउँपालिका, मानव अधिकार आयोग र सामाजिक विकास मन्त्रालयलाई समेत ध्यानाकर्षण गराइएको थियो । लामो समय बितिसक्दा पनि हिरालालको उद्दार भने हुन सकेको थिएन ।

हिरालालको अवस्थाबारे सम्बन्धित निकायले गम्भिर्तापूर्वक चासो नदेखाएको अवस्थामा सिआन पुर्नस्थापना केन्द्रका संचालक सौजन डिसीले उनको उद्दार र उपचार गर्ने जिम्मा लिएका छन् । मनहरी गाउँपालिकाका अध्यक्ष रन्जन कालाखेतीसंग समन्वय गरी उनले उपचारको खर्च गाउँपालिकाले व्यहोर्ने गरी सम्पूर्ण जिम्मेवारी लिएर हिरालाल थिङको शुक्रबार उद्दार गरेका हुन् ।

मनहरी गाउँपालिका-१ का वडाध्यक्ष शिवप्रसाद खनालले उपचार सम्भव नदेखिएपछि मानवसेवा आश्रमले घरमै ल्याएर छोडेका हिरालाललाई सिआनले उपचार गर्ने जिम्मेवारी लिएकोमा खुशी व्यक्त गरे । मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले गाउँपालिकाले उपचारको लागि आवश्यक खर्च सबै व्यहोर्ने प्रतिबद्धता जनाएका छन् । सियानले मानसिक अवस्था ठिक नभएको बिरामीको उपचारको लागि जिम्मा लिएकोमा खुसी व्यक्त गर्दै धन्यवादसमेत दिएका छन् ।

सियान पुर्नस्थापना केन्द्रका संचालक सौजन डिसीले छ महिनामा हिरालाललाई निको बनाउने विश्वास लिएको बताएका छन् । केही समय अगाडि पनि मानसिक अवस्था ठिक नभएको बिरामी ल्याइ उपचार पश्चात निको पारेको बताउँदै तत्काल उपचार प्रक्रिया अगाडि बढाएर हिरालाललाई निको बनाएर मात्र परिवारको जिम्मा लगाउने प्रतिबद्धता जनाएका छन् ।

मनहरी गाउँपालिका प्रतिनिधि, मनहरी गाउँपालिका-१ का वडाध्यक्ष शिवप्रसाद खनाल, गैरसरकारी संस्था मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, स्थानीय प्रहरी, सिआन पुर्नस्थापना केन्द्रका उद्दार टोली, गाउँपालिकाका स्वास्थ्यकर्मी र सञ्चारकर्मीको उपस्थितिमा हिरालालको उद्दार गरिएको हो ।

हिरालालको मानसिक अवस्था ठिक नभएको र उपचार गर्दासमेत ठिक नभएको भनी परिवारले लामो समयदेखि घर नजिकै ब्लकले बनाएको सानो खोरमा थुनेर राखेका थिए । मानसिक रुपमा अस्वस्थ भएका कारण उनले शरीरमा कुनै कपडा लाउन नमान्ने र गाउँमा उच्छृंखल काम गर्दै हिड्ने समस्या भएकाले परिवार बन्द कोठामा थुनेर राख्न बाध्य भएको थियो । मानसिक रुपमा अपांगता भएकै कारण बत्ती समेत नभएको सानो कोठामा हिरालाल कष्टपूर्ण जीवन बिताइरहेका थिए । हिरालालका बुबा भीमबहादुर थिङ छोराले नयाँ जीवन पाउन लागेको भन्दै निको बनाएर मात्र घर ल्याइदिन अनुरोध गरेका छन् ।


**Narayani College / TMMSS**
Scholarship Up to 100%
Terms & conditions Apply
+2 NEB COURSES
ADMISSION OPEN FOR GRADE XI
- Science
- Hotel Management
- Computer Science
- Business Studies
- Travel & Mountaineering

APPLY NOW
Quick Contact :
Tel: 057-522136, 9855071876
9855087028, 9849010803
Hetauda-10, Bhutandevi Road



**सूचना ! सूचना !! सूचना !!!**
अब किन जानु पर्‍यो विदेश ?
हामी कहाँ आउनुस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नुस्
७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhabahini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**
फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छन् । त्यसैले:
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएमा शुद्धिकरण गरेर मात्र पिऔं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल
**सूचना ! सूचना ! सूचना !**

नेपाल सरकार र मातहतका निकायमा व्यवसाय दर्ता गरी यस हेटौंडा उपमहानगरपालिकामा दर्ता नगरी संचालन भैरहेको तथा हेटौंडा उपमहानगरपालिकाका दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएको उद्योग तथा व्यवसायीहरूलाई यस उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ बमोजिम निम्नानुसार छुटको व्यवस्था भएकोले आर्थिक ऐन २०८१ ले दिएको छुट सुविधा लिनुहुन सबैमा यो सूचना जारी गरिएको छ । अन्यथा नियमानुसार भै जाने व्यहोरा अनुरोध छ ।

**निम्न**:
१. मिति २०८१ आश्विन मसान्तभित्र व्यवसाय नयाँ दर्ता तथा नवीकरण गर्न आएमा व्यवसाय करमा १० प्रतिशत छुटको व्यवस्था,
२. अन्य निकायमा दर्ता भई संचालनमा रहेको तर हेटौंडा उपमहानगर पालिकामा दर्ता नभएका उद्योग तथा व्यवसायहरूलाई चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र व्यवसाय दर्ता गर्दा आ.व. २०७८/०७९ भन्दा अगाडीको व्यवसाय कर र घर बहाल करमा शत प्रतिशत छुट दिने व्यवस्था,
३. आ.व. २०७८/०७९ भन्दा अगाडी यस कार्यालयमा व्यवसाय दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएका उद्योग तथा व्यवसायीहरूको हकमा चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र नवीकरण गर्न आएमा आ.व. २०७८/२०७९ भन्दा अगाडीको व्यवसाय कर र घर बहाल करमा छुट दिई व्यवसाय नवीकरण गरिनेछ ।
४. हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र संचालित व्यवसाय बन्द गर्दा चालु आर्थिक वर्षको व्यवसाय कर तथा व्यवसाय बन्द भन्दा अगाडी अवधिको बहाल कर फरफारक भएपछि मात्र बन्द गरिने र विभिन्न प्रयोजनको लागि आर्थिक ऐन २०८१ अनुसार निश्चित समयका लागि घर बहाल कर बुझाउनु भएका करदाताहरूले घर बहाल कर समयमा नै आई बन्द समेत गर्नुहुन जानकारी गराईन्छ । समयमा बन्द नगरेमा घर बहाल कर मासिक रूपमा गणना हुँदै जाने व्यहोरा अनरोध छ ।

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**

**हाम्रो सुमो सेवाको**
नयाँ प्रस्तुति...



**Electric Van (EV)**
**विद्युतीय यात्रुबाहक सेवा**





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन** Electric Van (EV) मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँछौं ।
हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-वीरगञ्ज-हेटौंडा
सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्
साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।
सञ्चालक: भेष खड्गी
**हाम्रो सुमो सेवा**
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३